# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ संख्या ८ मिति २०७६ माघ ३ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सल्ले, काभ्रेपलाञ्चोकको

### सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तालिम तथा बैठकमा दिइने पारिश्रमिक र भत्ता सम्बन्धी कार्यविधि,२०७६

**प्रस्तावनाः-** भुम्लु गाउँपालिकामा आयोजना हुने तालिम तथा बैठक एवम अन्य विषयमा पदाधिकारी सहभागी कर्मचारी एवम विज्ञहरुलाई दिइने पारिश्रमिक तथा भत्ताहरुलाई व्यवस्थित गर्न यो कार्यविधि तयार गर्न वान्छनिय भएकाले भुम्लु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रराम्भः** (१) यस कार्यविधिको नामः **तालिम तथा बैठकमा दिइने पारिश्रमिक र भत्ता सम्बन्धी कार्यविधि,२०७६** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "पदाधिकारी " भन्नाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष ,कार्यपालिका सदस्य, वडा अध्यक्ष र वडा सदस्य समेतलाई जनाउनेछ ।

(ख) "कर्मचारी " भन्नाले गाउँपालिका , वडा कार्यालय र विषयगत कार्यालयका स्थायी तथा अस्थायी करार /ज्यालदारी, कर्मचारी सम्झनु पर्ने छ सो शव्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउने छ ।

(ग) "विज्ञ " भन्नाले कुनै विषय/क्षेत्रमा जानकार व्यक्ति सम्झनु पर्ने छ ।

(घ) "गाउँपालिका" भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनु पर्ने छ ।

(ङ) "कार्यपालिका" भन्नाले भुम्लु गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सभा र कार्यपालिकाको बैठक भत्ता सम्बन्धी व्यवस्था

३. **सभा र कार्यपालिका वैठकः** (१) गाउँ सभामा सहभागी हुने सभाका सदस्यहरुलाई गाउँ सभा चलेको प्रत्येक दिनको देहाय बमोजिम वैठक भत्ता र अन्य सुविधा उपलव्ध गराइने छ,

| पदाधिकारी | बैठक भत्ता(दैनिक) | आतेजाते (गा.पा बाट सवारी साधन नलिनेलाई मात्र) |
|---|---|---|
| गाउँसभाका अध्यक्ष | रु.१,५००।- | रु.५००।- |
| गाउँसभाका उपाध्यक्ष | रु.१,२००।- | रु.५००।- |
| गाउँसभाका सदस्यलाई | रु.१,०००।- | रु.५००।- |

(२) गाउँसभामा सहभागी हुने पदाधिकारी बाहेक सभाको सचिव र सहयोगी कर्मचारीहरुलाई देहाय बमोजिम सभा सञ्चालन अवधिभर भत्ता र खाना खर्च उपलव्ध गराईनेछ ।

| सि न | कर्मचारी | भत्ता(दैनिक) |
|---|---|---|
| १ | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | रु.१,०००।- |
| २ | सहयोगी कर्मचारी ( आवश्यकता अनुसार) | रु.१,०००।- |

(३) कार्यपालिकाको बैठकमा सहभागी हुने सदस्यहरुलाई देहाय बमोजिम भत्ता तथा अन्य सुविधा उपलव्ध गराईनेछ ।

| सि न | पदाधिकारी/ कर्मचारी | बैठक भत्ता ( प्रत्येक बैठकको) |
|---|---|---|
| १ | कार्यपालिकाको सदस्य | रु.१,०००।- |
| २ | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | रु.१,०००।- |
| ३ | सहयोगी कर्मचारी (बढीमा ३जना) | रु.१,०००।- |

कार्यपालिकाको बैठकमा कुनै विज्ञको सहयोग लिनु पर्ने भएमा त्यस्तो विज्ञलाई सचिव सरहको बैठक भत्ता र आतेजाते यातायात खर्च रकम उपलव्ध गराइनेछ ।

**स्पष्टिकरणः** यस उपदफामा सदस्य भन्नाले कार्यपालिकामा गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउने छ ।

## परिच्छेद- ३

## अन्य समितिको बैठक भत्ता र अन्य सुविधा

४. **न्यायिक समितिको सदस्यहरुको भत्ता र पारिश्रमिक सम्बन्धी व्यवस्थाः**

(१) न्यायिक समितिको बैठकमा सहभागी भए बापत देहाय बमोजिम भत्ता र अन्य सुविधा उपलव्ध गराईनेछ ।

| पदाधिकारी | बैठक भत्ता (प्रति बैठक) | खाजा/खाना |
|---|---|---|
| संयोजक | रु.१,२००।- | रु.३००।- |
| सदस्य | रु.१,०००।- | रु.३००।- |
| सहयोगी कर्मचारी | रु.१,०००।- | रु.३००।- |
| न्यायिक समितिले अयोजना गर्ने मासिक मेलमिलापकर्ताको वैठकमा उपस्थित न्यायिक समिति सदस्य, मेलमिलापकर्ता सहयोगी कर्मचारीलाई | रु.८००।- | रु.३००।- |

(२) ईजालस सञ्चालन भएको वखत समितिको बैठकमा उपलव्ध गराए बमोजिमको भत्ता तथा अन्य सुविधा उपलव्ध गराईनेछ ।

५. **अन्य समितिहरुः** (१) गाउँसभा, कार्यपालिका ,अध्यक्ष स्तर तथा गाउँपालिकबाट विभिन्न समयमा आवश्यकता अनुसार गठन भएका विषयगत समितिहरुको वैठक भत्ता देहाय अनुसार हुनेछ ।

| पदाधिकारी | बैठक भत्ता (प्रति वैठक) | खाजा/खाना |
|---|---|---|
| संयोजक | रु.१,२००।- | रु.३००।- |
| सदस्य | रु.१,०००।- | रु.३००।- |
| सहयोगी कर्मचारी | रु.१,०००।- | रु.३००।- |
| विषय विज्ञका रुपमा वोलइएका व्यक्तिलाई | रु.१,०००।- | रु.३००।- |

**स्पष्टिकरणः** यस कार्यविधिमा अन्यत्रै जे सुकै लेखिए पनि वोलपत्र मूल्याङ्कन समिति संयोजक तथा सदस्यलाई प्रति वैठक रु.१,५००।- का दर बैठक भत्ता उपलव्ध गराइने छ ।

६. **वडा समिति बैठकः** (१) वडा समितिको वैठकमा सहभागीहरुलाई देहाय बमोजिमको वैठक भत्ता उपलब्ध गराइनेछ ।

| पदाधिकारी | बैठक भत्ता (प्रति बैठक) |
|---|---|
| सदस्य | रु.१,०००।- |
| वडा सचिव | रु.१,०००।- |
| कार्यालय सहयोगी | रु.५००।- |

**स्पष्टिकरणः** यस दफामा सदस्यले वडा समिति सदस्य र वडा अध्यक्षलाई समेत जनाउँछ । वडा समितिको प्रतिमहिना वढिमा २ वटा वैठकको मात्र भुक्तानी दिइनेछ ।

७. **कर्मचारी वैठकः** (१) भुम्लु गाउँपालिकामा भित्र विषयगत शाखा, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी कर्मचारी वैठक उपस्थित भएमा प्रति वैठक यातायात खर्च वापत रु.१,०००।- र खाजा खर्च वापत रु.३००।- उपलव्ध गराईनेछ ।

**स्पष्टिकरणः** गाउँपालिकाले उपलब्ध गराएको सवारी साधन वा इन्धन सुविधा लिने कर्मचारीहरुलाई दफा ७ मा उल्लेख भएको यातायात खर्च उपलब्ध गराइने छैन ।

८. **स्थलगत अध्ययन समितिः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि कुनै विषयमा स्थलगत अध्ययन, अनुसन्धान,छानविन गरी प्रतिवेदन पेश गर्न कार्यपालिकाको निर्णयद्धारा दैनिक रुपमा कार्य गर्ने गरी गठित कार्यदल वा कार्य टोलिलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलव्ध गराईनेछ ।

| | | | |
|---|---|---|---|
| | यातायात खर्च ( यातायातको साधन प्रयोग भएमा गा.पा. क्षेत्रभित्र जाँदा आउदाको ) | दैनिक भत्ता | खाना खाजा खर्च प्रति दिन |
| कार्यापालिकाले तोकेको अवधि सम्मको प्रति दिन प्रति सदस्य | गा.पा. को सवारी साधन प्रयोग नगर्ने भएमा मात्र रु.५००।- | रु.७००।- | रु.५००।- |

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि स्थलगत रुपमा खटिने कार्यटोलीमा समितिका सदस्यहरुले स्थलगत प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यपालिकाले दिन तोकिएको भए सोही अवधिलाई दिन मानिनेछ दिन नतोकिएको अवस्थामा कामको प्रकृती हेरी बढीमा ३ दिनको हिसावले भत्ता वा अन्य सुविधा उपलव्ध गराईनेछ ।

## परिच्छेद ४
## कर्मचारी छनौट परिक्षा सञ्चालन

९. **<u>कर्मचारी छनौट कार्यका लागि गठन हुने समिति</u>** : (१) कर्मचारी छनौट समिति, परिक्षा संचालन समिति र सो सम्बन्धी व्यक्तीहरु तथा

कर्मचारीहरुको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) गाउँपालिकामा कर्मचारी छनौट गर्न कार्यापालिकाद्धारा गठित छनौट समितिका सदस्यहरुलाई प्रति वैठक रु.१,०००।—

(ख) छनौट समितिका सदस्य बाहेक कुनै विज्ञलाई आमन्त्रण गर्नु परेमा सदस्य सरहको बैठक भत्ताको अत्तिरिक्त नियमानुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराईनेछ । दैनिक भ्रमण भत्ता दिन नमिल्ने स्थानको भए यातायात खर्च प्रचलित दररेट अनुसारको रकम र खाना खर्च  वापत प्रतिदिन रु.५००।- का दरले उपलव्ध  गराईनेछ ।

(२) कर्मचारी छनौट गर्न लिखित परीक्षा संचालन गर्नुपर्दा सो कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहरुलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलव्ध गराईनेछ ।

(क) प्रश्नपत्र निर्माण प्रति ( प्रति प्रश्न सेट प्रति विज्ञ) :रु.१,५००।-

(ख) प्रश्नपत्र मोडरेसन (प्रति प्रश्नपत्र सेट प्रति विज्ञ): रु.४००।-

(ग) प्रश्नपत्र छपाईमा संलग्न कर्मचारी वढीमा २ जना : रु.१,०००।—(प्रतिव्यक्ति)

(घ) केन्द्राध्यक्ष १ जनाः रु.१,२००।- प्रति सेसन

(ङ) सहायक केन्द्राध्यक्ष १ जनाः रु.१,०००।- प्रति सेसन

(च) लिखित परिक्षा निरीक्षकः रु.१,०००।- प्रति सेसन

(छ) सहयोगी कर्मचारीः रु.१,०००।- प्रति सेसन प्रति केन्द्र

(ज) कार्यालय सहयोगी  रु. ५००।— (प्रति सेसन प्रति केन्द्र)

(झ) उत्तरपुस्तिका कोडिङ्ग रु.२।- प्रति उत्तर पुस्तिका

(ञ) उत्तर पुस्तिका डिकोडिङ्ग रु.२।— प्रति उत्तर पुस्तिका

(ट) उत्तर पुस्तिका परीक्षण रु.३०।- प्रति उत्तर पुस्तिका

(ठ) प्राप्ताङ्क इन्ट्रि रु.१।- प्रति उत्तर पुस्तिका

(३) कर्मचारी छनौट गर्दा लिइने अन्तरवार्ताको लागि अन्तरवार्ता लिन उपस्थित सदस्य र एंवमा विज्ञलाई एक सिट्टिङ्ग अन्तर्वार्ता वापत छनौट समितिका सदस्य र विज्ञले पाउने सरहको भत्ता र अन्य सुविधा उपलव्ध गराईने छ ।

## परिच्छेद-५

## विद्यालयमा सञ्चालन हुने परिक्षा

१०. **पालिकाले परिक्षाको खर्च व्यहोर्नुपर्ने अवस्था**ः (१) विद्यालय स्तरको परीक्षामा गाउँपालिकाले खर्च व्यहोर्नुपर्ने भएमा देहाय बमोजिम भत्ता तथा पारिश्रमिक उपलब्ध गराइनेछ,

(क) परीक्षा समिति पदधिकारीहरुलाई बढीमा ३ बैठकको निमित्त प्रति सदस्य रु. ५००।—(प्रतिवैठक)

(ख) प्रश्नपत्र निर्माण प्रति विषय प्रति सेट प्रति विज्ञ : रु.५००।-

(ग) प्रश्नपत्र मोडरेशन प्रतिसेट प्रति विज्ञ :रु.५००।-

(घ) केन्द्राध्यक्ष १ जनालाई प्रति केन्द्र प्रति दिनः रु.८००।-

(ङ) निरिक्षक बढीमा ३० जना परीक्षार्थी बरावर एक जना निरिक्षक प्रति दिनः रु.४००।-

(च) सहयोगी कर्मचारी प्रति केन्द्र प्रति दिन १ जनाः रु.४००।-

(छ) कार्यालय सहयोगी प्रति केन्द्र १ जना प्रतिदिन : रु.३००।—

(ज) परीक्षा अनुगमन कर्ता प्रति दिन प्रतिसेसनः रु.५००।-

(झ) उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने भएमा १०० पूर्णाङ्क सम्म रु.१५ प्रति उत्तर पुस्तिका र त्यसैको समपरीक्षणका लागि रु.५।— प्रति उत्तरपुस्तिका

(ञ) उत्तरपुस्तिका कोडीङ्ग रु.१।- प्रति उत्तर पुस्तिका

(ट) उत्तर पुस्तिका डिकोडिङ्ग रु.१।- प्रति उत्तर पुस्तिका

(ठ) प्रासाङ्ग ईन्ट्री रु.१।- प्रति उत्तरपुस्तिका

**स्पष्टिकरणः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका क्षेत्र भित्र हुने विभिन्न आयोग तथा अन्य संघ संस्थाहरुको परिक्षा तिनै आयोग वा संघ सस्थाले गरेको व्यवस्था बमोजिम हुने छ ।

(२) गाउँ शिक्षा समिति र वडा शिक्षा समितिका सदस्यहरुले पाउने वैठक भत्ता र अन्य सुविधा देहाय बमोजिम हुने छ ।

| पद | वैठक भत्ता दर(प्रति वैठक) | खाना/ खाजा(प्रति वैठक) |
|---|---|---|
| संयोजक/सदस्य/ आमन्त्रित विज्ञ | रु.५००।- | रु.३००।- |

**स्पष्टिकरणः** उपदफा (२) बमोजिम उपलब्ध गराईने भत्ता तथा खाजा खर्च वढिमा २ महिनामा १ पटक वसेको वैठकको लागि मात्र उपलब्ध गराईनेछ ।

## परिच्छेद ६
## गाउँपालिका भित्र तालिम तथा गोष्ठी सञ्चालन

११. **गाउँपालिका र वडामा तालिम तथा गोष्ठी सञ्चालनः** (१) गाउँपालिका र वडामा सञ्चालन गरिने विभिन्न तालिम तथा गोष्ठीमा आवश्यकता र औचित्यको आधारमा देहाय बमोजिमको शिर्षकमा भत्ता तथा अन्य खर्च गर्न सकिनेछ,

(क) तलिम प्याकेज (module) तयारी (आवश्यक भएमा): रु.२५००।-

(ख) मोडयूल छपाई रु.५०।-प्रति सहभागी प्रति दिन ( आवश्यक भएमा )

(ग) कार्यपत्र प्रस्तुती : रु.१,०००।-(कम्तीमा ७५० शब्द हुनुपर्ने)

(घ) तालिम संयोजक भत्ता : रु.१,०००।-(प्रतिदिन)

(ङ) सहभागी भत्ताः रु.८००।- प्रति सहभागी

(च) सहभागी खाजा रु.२००।- प्रति सहभागी

(छ) सहभागी खाना रु.३००।- विहान देखि तालिम सञ्चालन गर्नु पर्ने भएमा

(ज) बास खर्च रु.८००।- प्रति सहभागी २ दिन भन्दा बढी तालिम सञ्चालन भएमा ।

(झ) स्टेश्नरी रु.१००।- प्रति सहभागी

(२) भुम्लु गाउँपालिका भित्र तालिम प्रदान गर्नका आएका प्रशिक्षकको परिश्रमिक देहाय बमोजिम हुने छ।

(क) राजपत्राङ्क्ति कर्मचारी वा विज्ञ भएमा रु.१,४००।- प्रतिसेसन

(ख) रा.प.अनकित कर्मचारी भएमा रु.१,२००।- प्रतिसेसन

(३) भुम्लु गाउँपालिका भित्र सञ्चालन हुने तलिममा सहभागीका लागि तपशिल बमोजिमको आतेजाते खर्च उपलब्ध गराईनेछ,

(क) रु.२००।- ५ कि.मि. भित्रको सहभागीलाई

(ख) रु.३००।- ५ देखि १० कि.मी. भित्रको सहभागीलाई

(ग) रु.३५०।- १० कि.मी. र सो भन्दा बढि दुरिबाट आउने सहभागी

(४) तालिमका लागि एकमुष्ठ मसलन्द खर्च रु.५०००।-(प्रमाण पत्र,व्यनार ,हल भाडा गाउँपालिकाको दररेट अनुसार र्माकर फोटोकपी मेटाकार्ड मास्किङ्गटेप आदी)

(५) अन्य खर्चः

(क) लेखाको काम गर्ने कर्मचारीका लागि प्रतिदिन खर्च रु.५०० (आवश्यक भएमा)

(ख) सहयोगी कर्मचारी प्रतिदिन रु.८००।- ( बढीमा २ जना सम्मका लागी)

(ग) कार्यालय सहयोगी प्रतिदिन रु ५००

**स्पष्टिकरणः** गाउँपालिका क्षेत्रभित्र बाहेक अन्य स्थानीय तह वा जिल्ला प्रशिक्षक आमन्त्रण गरी प्रशिक्षण दिइने गरी कर्यक्रम सञ्चालन गर्नुपर्ने भएमा उपदफा (२) को क र ख मा उल्लेख भत्ताको अत्तिरिक्त प्रचलित सवारी साधन भाडा उपलव्ध गराउन सकिनेछ ।संघ र प्रदेश सरकारले अन्यथा तोके बाहेक गाउँपालिकाको श्रोतबाट गैर सरकारी संस्थाहरुको सञ्चालन गर्ने तालिमहरुमा समेत यो व्यवस्था लागु हुने छ ।तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिइने भत्ता प्रति कक्षा २० जना सहभागीलाई मानिनेछ । तर प्रयोगात्मक प्रकृतीको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिइने भत्ता प्रति कक्षा १० जना सहभागीलाई मानिनेछ ।

**नोटः भ्रमण खर्च बाहेक अन्य आयमा १५ प्रतिशत पारिश्रमिक कर कट्टी गर्नु पर्दछ ।**

**आज्ञाले,**

**मदन कुमार बजगाई**

**प्रमुख प्रशासकीय अधिकृत**